# बेलका नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन

२०८०



बेलका नगरकार्यपालिका

बेलका नगरपालिका

रामपुर, उदयपुर

प्रकाशक

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प्रति : १००
प्रकाशन मिति : २०८०।
सर्वाधिकार : नगर बालअधिकार समिति, बेलका नगरपालिका

**संरक्षक**
श्री असोक कार्की
प्रमुख
बेलका नगरपालिका

**सल्लाहकार**
श्री जिरा राई, उपप्रमुख, बेलका नगरपालिका
श्री पुरुषोत्तम घिमिरे, प्रमुख प्रशासकिय अधिकृत, बेलका नगरपालिका
श्री ज्योती राई, बालकल्याण अधिकारी, बेलका नगरपालिका

**लेखन तथा सहजिकरण**
सुमन अधिकारी
प्रवन्ध निर्देशक
एस.संकल्प नेपाल प्रा.ली.

स्वस्तिका पोख्रेल
कार्यकारी निर्देशक
एस.संकल्प नेपाल प्रा. ली.
काठमाण्डौ

**सहयोग**
श्री उमा कार्की, एस.संकल्प नेपाल प्रा.ली

# नगर प्रमुख को मन्तव्य



बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३

प. सं. २०८०/०८१ | कोशी प्रदेश, नेपाल

च. नं. | मितिः २०८०/१२/०७

**"वालवालिका र सङ्गीत सबैले मन पराउने बिषय हुन् ।"**

**"वाल अधिकार वयस्कको दायित्व"** भन्ने मूल सिद्धान्तको आधारमा उनीहरुको स्वर्णिम भविष्यको लागी सरकार, समाज र व्यक्तिहरुको समेत महत्वपुर्ण भूमिका हुने भएकोले, वाल अधिकार हामी सबैको दायित्व हो । समाजको हरेक पक्ष जसले वालवालिकाहरुलाई प्रभाव पार्ने ठाउँहरुमा उनीहरुलाई समेत समावेश गरि निर्णायक भूमिकामा समेत ठाउँ दिनुपर्ने आवश्यकता छ । वालवालिकाहरु वयस्कको दयामायामा मात्र आश्रित नभएर संगसंगै हिड्ने, वरावरको सरोकारवाला जनशक्ति हो भन्ने कुरालाई हामी सबैले हृदयङ्गम गर्नु पर्दछ ।

नेपाल सरकारले वाल अधिकार महासन्धी १९८९ को पक्ष राष्ट्र भई उनीहरुले पाउने **बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई** सुनिश्चित गर्नका लागि वाल वालिका ऐन २०७५ समेतको व्यवस्था गरी संघीय सरकार देखी स्थानीय सरकार सम्म हाल परिवर्तित संघीय संरचनामा वाल वालिकाहरुका निमित्त केहि संरचनाहरुको व्यवस्थापन समेत गर्दै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहने कुरामा दुई मत छैन ।

त्यसैले यस बेलका नगरपालिकामा वालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने उद्देश्यले शुचकहरु मध्य वाल वालिकाहरुको स्थिति पत्र प्रकाशन गर्नुपर्ने पनि एउटा महत्वपूर्ण शुचक भएकोले यो स्थिति पत्र प्रकाशन गरिएको छ । यस बाट मुख्य रुपमा वाल मैत्री स्थानीय शासनको प्रवर्द्धनमा ठुलो सहायता मिल्नुका साथै यस सँग सम्बन्धित खोज अनुसन्धानकर्ता, योजना निर्माण तथा बेलका नगरपालिकाका बारेमा बुझ्न चाहने सबैलाई हालको यस नगरपालिकाको वस्तुस्थितिका वारेमा ऐना झैं छर्लङ्ग हुने विश्वास लिएको छु ।

अन्तमा यस पुस्तिका प्रकाशनमा सहयोग पुर्याउनु हुने सल्लाहकारहरु, लेखन तथा विश्लेषण गर्ने एस. सङ्कल्प प्रा. ली. साथै सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

.............................
अशोक कार्की
नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर , उदयपुर

२०७३

प. सं.

च.नं.

कोशी प्रदेश, नेपाल

# मन्तव्य



बेलका  नगरपालिकाको कार्यालयले बाल बचाउ ,तथ्याक र विवरणलाई संकलन ,बाल विकास र बाल सहभागितासँग सम्बन्धित विविध सूचना ,बाल संरक्षण, समायोजन र प्रशोधन गरी बेलकानगरपालिकाको बालबालिको स्थितिप्रतिवेदन २०८० सार्वजनिक गर्न लागेकोमा खुसी लागेको छ।यस प्रतिवेदनमा समावेश गरिएको बालबालिकाका विविध पक्षको स्थिति झल्किने तथ्यांक तथा जानकारीहरुले सरोकारवालाहरुलाई बालबालिका लक्षित कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्न मार्गदर्शन गर्ने विश्वास गरेको छु। साथै यो प्रतिवेदनले बालबालिका सम्बन्धी ऐनबमोजिम स्थापित हुने नगर बालअधिकार समिति २०७५ ,, वडा बालअधिकार समिति र समुदाय स्तरिय बालअधिकार समितिहरुलाई मार्गदर्शन तथा कार्यनिर्देशिका प्रदान गर्नेमा म विश्वस्त छु।

नेपाल सरकारले सन् १९९० सेप्टेम्बर १४ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धीलाई अनुमोदन गरेपछि बालबालिकाको अधिकार  १९८९ , सुनिश्चित गर्न प्रतिवद्ध हुदै संविधान, कानूनसंस्थागत संरचना जस्ता विषयमा सुधार गर्न विभिन्न सरकारी निका ,कार्यक्रम ,योजना तथा कार्ययोजना ,नीति ,यदेखि गैरसमुदाय र बालबालिका तथा विकासका साझेदार संस्थाहरुसँग संमन्वय र सहकार्य गरिरहेको छ।यसैको परिणाम स्वरुप  ,सञ्चार माध्यम ,सरकारी क्षेत्र-स्वास्थ्य स्थितिमा उल्लेख सुधार हुदै आएको प्रतिवेदनले पनि देखाएको छ। ,बालबालिकाको खासगरी शिक्षा

बेलका नगरपालिका बाल अधिकार समितिले बालबालिकाको विषयमा अन्य संम्वद्ध संस्थाहरुसग संमन्वय गर्दै आएको छ।बालअधिकार तथा बाल संरक्षणसंग सम्बन्धित विषयलाई संघीय संरचना अनुसार संघ र प्रदेशसँग संमन्वय गर्दै बालबालिका ऐन २०७५बेलका नगरपालिका बालअधिकार  ,२०७६ ,नियमावली, संरक्षण तथा संम्वर्द्धन कार्यविधिबमोजिम बेलका  २०७९ ,कार्यन्वयन कार्यविधि ,२०७८ ,बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका ,२०७८ , सालसम्ममा बालमैत्री स्थानीय शासन लागु भएको पालिका निर्माण गर्ने लक्ष्य अनुरुप कार्यप्रक्रिया अघि बढाएको छ भने यस  २०८३ नगरपालिकालाई बालबालिकाको स्थितिपत्र प्रकाशनबाट बालमैत्री स्थानीय शासन निर्माणमा सघाउ पुर्याउनेछ भन्ने अपेक्षा गरेको छु।

यस प्रतिवेदन प्रकाशित गर्ने बेलका नगरपालिका बालअधिकार समिति परिवारस्थानीय शासन नगर समिति एवम् यस कार्यमा सूचना  बालमैत्री , बेलका न ,प्रदान गर्ने वडा कार्यालयगरपालिकाको विषयगत शाखा तथा संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु। साथैबाल अधिकारको संरक्षण र , प्रवर्द्धनार्थ सम्बद्ध सरोकारवालाहरुमा थप जिम्मेवार तथा सक्रिय हुन मदत पुगोस भन्ने शुभकामना व्यक्त गर्दछु।

जीरा राई  
उप-प्रमुख

जीरा राई

नगर उपप्रमुख एवंम नगर बालअधिकार समिति संयोजक

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर , उदयपुर**
२०७३

**प. सं.** **कोशी प्रदेश, नेपाल**
**च.नं.**



# मन्तव्य

आज गरेको बालबालिका माथिको लगानी भबिष्यको सुन्दर सामाज निर्माण गर्ने पहिलो पाइला/आधार हो। त्यसैले बालबिलकाको बिकासका लागि समयमा नै लगानी गर्नु हाम्रो पहिलो दायित्व हो । उनीहरुको लागि सहि रुपमा लगानी गरी उचित प्रतिफल निकाल्नका लागि त्यस सम्बन्धमा तथा बालबालिकाको संख्यात्मक विवरण, सामाजिक, आर्थिक, सांस्कृतीक, भौगोलिक, राजनैतिक अवस्था, स्वास्थ्य र शिक्षा आदिको स्थिति आदीका बारेमा जानकारी हुनु आवश्यक छ ।सोही बेलका नगरपालिकाको बालबालिकाको समग्र अवस्था र स्थिति झल्काउने आधार पत्रको रुपमा बेलका नगरपालिको बालबालिको स्थिति पत्र-२०८० प्रकाशन गरिएको छ यसले बालबालिकाको समग्र चित्रण गर्नेछ र यही स्थिति पत्रको आधारमा आगामी आ.व.मा बालबालिकाको आवश्यकता पहिचान भई उपयुक्त बनाउन सकिनेछ भने सही योजना बनाइ लागु गरीएको कार्यक्रमले उपयुक्त प्रतिफल दिई बिकासको प्रकृयालाई सुचारु गर्न मदत गर्दछ। साथै उक्त बिकासका प्रकृयालाई सहि रुपमा अनुगमन गर्दै उपयुक्त समयमा बाल मैत्री पालिका घोषणा गर्न यो बेलका नगरपालिकाको बालबालिकाको स्थिति पत्र-२०८० ले एक अधार पत्रको रुपमा काम गर्ने छ । बेलका नगरपालिकाको बालबालिका स्थितपत्र प्रकाशन गर्नका लागि लागि पर्ने परामर्शदाता टिम तथा कर्मचारीको टिमलाई धन्यवाद दिन चाहन्छु। आगामी वर्षमा बेलका नगरपालिकाको समग्र नीति, योजना र कार्यक्रम निर्माणका लागि यसले आधार स्तंभ र मार्दर्शन गर्ने अपेक्षा गरेको छु।



**पुरुषोत्तम घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**बेलका नगरकार्यपालिकाको कार्यालय,रामपुर, उदयपुर।**

# बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रामपुर , उदयपुर
## २०७३

प. सं. 
च.नं.

कोशी प्रदेश, नेपाल



## मेरो भनाई

सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बेलका नगरपालिकाले आ.व.२०८३ भाद्र २९ गतेका दिनसम्ममा बेलका नगरपालिकालाई बालमैत्री स्थानीय शासन लागू भएको पालिका घोषणा गर्ने लक्ष्य राखी आ.व.२०७९/८० देखी बालमैत्री स्थानीय शासनलाई अवलम्वन गरिएको छ। बाल बचाउ, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई बेलका नगरपालिकाको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो। बालबालिकाको लागि संरक्षण, स्वतन्त्रता, समानता र न्याय सहितको सम्मानित जीवन बाँच्न आवश्यक आधारभूत अधिकारको सुनिश्चित भएको अवस्थालाई बालबालिकाले बालअधिकार पाएको अवस्था भन्न सकिन्छ। यिनै कुराहरुलाई ध्यानमा राखेर बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै बालमैत्री स्थानीय शासनका लागि निर्देशिका तथा कार्यविधिमा उल्लेख भएका ५१ वटा सूचककमा टेकेर नगरपालिकाले बालबालिकाको क्षेत्रमा लगानी गर्दै आएको छ। कार्यविधिमा उल्लेखित बाल वचाउको १४ सूचक, बाल संरक्षणको १० सूचक, बाल विकासका ६ सूचक, बाल सहभागिताको ६ सूचक र संस्थागत विकासका १५ सूचक गरी ५१ वटा सूचक र पालिको थप २ वटा सूचक गरी ५३ वटा सूचकको आधारमा बेलका नगरपालिकालाई बालमैत्री शासन लागु भएको घोषणा गर्न सकिने व्यवस्था अनुरुप "बालबालिकाको स्थितिपत्र को तर्जुमा र सार्वजनिकीकरण" गर्नुपर्ने भएकाले बालमैत्री उन्मुख यस नगरपालिकाले यथा संभव विवरण संकलन गरी यो "बेलका नगरपालिकाको बालबालिकाको स्थिति पत्र-२०८०" प्रकाशन गरिएको छ।

यस प्रकाशनले बेलका नगरपालिकाभित्र रहेका बालबालिकाको बारेमा आवश्यक सूचना तथा तंथ्याक उपलब्ध गराई आगामी दिनमा नगरका बालबालिकाको लागि अपनाउनु पर्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्न सबै सरकारी तथा गैरसरकारी निकायलाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। साथै प्रकाशनमा भएका कमी कमजोरी औंल्याई दिन हुन र आगामी प्रकाशनका लागि सुझाव र सहयोग गरिदिनहुन समेत सम्पूर्ण पाठकहरुमा अनुरोध गर्दछु।

यस बालबालिकाको स्थितिपत्र तयारी तथा पुस्तकको लेखन,सम्पादन तथा प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने र सूचना संकलन तथा सम्पादनमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु। प्रकाशनमा सूचना उपलव्ध गराई सहयोग गर्ने सबै विषयगत शाखा/कार्यालय, संघ संस्थाहरु, नगर तथा वडा बाल अधिकार समिति लगायत सम्पूर्णमा आभार व्यक्त गर्दछु।

ज्योती राई
बाल कल्याण अधिकारी

(ज्योती राई)
बाल कल्याण अधिकारी
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

## स्थिति प्रतिवेदनको सन्दर्भमा

संयुक्त राष्ट्र संघीय महासभाबाट पारित बाल अधिकार सम्वन्धी महासन्धि( Convention of the rights of the children, CRC) लगायत अन्य अन्तराष्ट्रिय तथा क्षेत्रीय सन्धि, अभिसन्धि एवं आलेखहरुका प्रावधानहरु तथा दिगो विकास लक्ष्य(SDGs) लाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यी नै प्रतिवद्धता कार्यान्वयनका लागि नेपाल सरकारले संवैधानिक, कानूनी, नीतिगत संरचनागत तथा कार्यक्रमगत व्यवस्था गर्दै आएको छ । बालअधिकार महासन्धि १९८९लाई नेपालले सन १९९० सेप्टेम्वर १४ ( वि.सं. २०४७ भाद्र २९ मा अनुमोदन गरी बालअधिकारको पक्षमा आफुलाई उभ्याएको छ ।

बेलका नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक औजारको रुपमा रहेको बालबालिकाको स्थिति प्रतिवेदन बालअधिकारसँग सम्वन्धित विविध सूचना तथा तथ्याङ्कहरुलाई संकलन र प्रशोधन गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनमा भएका सूचना, तथ्याङ्क एवं विवरणहरुवाट बेलका नगरपालिकाको बालबालिका सम्वन्धीकव अवस्थालाई दर्साउन खोजिएको छ । यसमा समाविष्ट गरिएका सुचनाहरु बेलका नगरपालिकाका विषयगत शाखाहरुवाट प्राप्त सुचनाहरु, नगरपालिकाको पार्श्वचित्र २०७५, र केन्द्रिय तथ्याङ्क विभागवाट समेत सुचनाहरु प्राप्त गरी यो प्रतिवेदन तयार गरिएको छ ।यस स्थिति प्रतिवेदनले नगरपालिकाको बालबालिकाहरुको सुचकहरु बालमैत्री अभियान सुरु गर्दाका अवस्था र घोषणाको अवधिमा प्राप्त हुने नतिजालाई तुलनात्मक अध्ययन गर्ने आधार वन्ने देखिन्छ ।

# विषय सुची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | जिल्लाको परिचय | १ |
| २ | बेलका नगरपालिकाको परिचय | १ |
| ३ | भौगोलिक स्वरुप तथा सिमाना | २ |
| ४ | राजनैतिक तथा प्रशासनिक अवस्थिति | २ |
| ५ | स्थिति प्रतिवेदनको पृष्ठभुमी | ३ |
| ६ | स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य | ३ |
| ७ | स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरु | ३ |
| ८ | प्रतिवेदनमा समाविष्ट भएका विषयहरु | ४ |
| ९ | बालबालिका सम्वन्धी नीतिगत व्यवस्था | |
| | नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था | ५ |
| १० | बालबालिका सम्वन्धी ऐन,२०७५ र | |
| | अन्य सम्वन्धित केही ऐनहरु | ५ |
| ११ | बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा | |
| | नीति तथा कार्यक्रम | ६ |
| १२ | क्षेत्रगत सुचना विश्लेषण | |
| | नगरपालिकाको आधारभुत तथ्यांक | ७ |
| ११ | बेलका नगरपालिकाको उमेरगत जनसंख्या | ७ |
| १२ | नगरपालिकाको जातिगत तथा धार्मिक | |
| | रुपमा समाविष्ट घरधुरीको अवस्था | ७ |
| १३ | नगरपालिकाको बालबालिका सम्वन्धी जनसंख्या | ७ |
| १४ | बालबचाउँ, गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण | ८ |
| १५ | बालसंरक्षण | ११ |
| १६ | बालविकास | १३ |
| १७ | बालसहभागिता | १७ |
| १८ | संस्थागत प्रवन्ध | १८ |
| १९ | निश्कर्ष | २३ |
| २० | सन्दर्भ सामग्री | २५ |

# बेलका नगरपालिका
# रामपुर, उदयपुर
# बालबालिकाको स्थिति प्रतिवेदन,२०८०
## परिच्छेद १

### १.१.जिल्लाको परिचय :

उदयपुर जिल्ला नेपालको कोशी प्रदेश को पश्चिम-दक्षिण हिस्सामा अवस्थित छ। यस जिल्लाले महाभारत पर्वत शृङ्खलादेखि चुरे पर्वतमालासम्मको भू-भाग समेटेको छ। यसको कुल क्षेत्रफल २०६३ वर्ग किलोमिटर रहेको छ। क्षेत्रफलको हिसाबले यो जिल्ला नेपालको २७औं पूर्वाञ्चल विकास क्षेत्रको चौथो र सगरमाथा अञ्चलको दोस्रो स्थानमा पर्दछ। देशको सबैभन्दा ठूलो सिमेन्ट उद्योग "उदयपुर सिमेन्ट उद्योग" यस जिल्लामा रहेकोले यस जिल्लालाई परिचय गराउन थप मद्दत पुगेको छ। यो जिल्ला महाभारत शृङ्खला र चुरे पर्वत शृङ्खलाबीच रहेकाले महाभारत शृङ्खला अन्तर्गत धारिला, बिकट, डाँडाहरू, छरिएका र पातलिएका बस्तीहरू छन्। भने महाभारत फेदिदेखि चुरे शृङ्खलाको बीचमा दुईवटा ठूला-ठूला लाम्चो आकारको समथर फाँट भएको हुँदा यस जिल्लालाई भित्री मधेसको रूपमा गणना गरिन्छ। यस जिल्लाको पश्चिममा रहेको फाँटमा कटारी नगरपालिका को केहि भाग (पुरानो विभाजन अनुसार त्रिवेणी गाविस, रिश्कु गाविस र कटारी गाविस) रहेको छ भने पूर्वी भागको ठूलो फाँटमा बेलका नगरपालिका (पुरानो विभाजन अनुसार तपेश्वरी गाविस र रामपुर ठोक्सिला गाविस), चौदण्डीगढी नगरपालिका (पुरानो विभाजन अनुसार बेल्टार गाविस, बसाहा गाविस, सुन्दरपुर गाविस र हडिया गाविस) तथा त्रियुगा नगरपालिका को केहि भाग (पुरानो विभाजन अनुसार त्रियुगा नगरपालिका र जोगीदह गाविस) रहेको छ। नगरपालिकाहरूको बाँकी क्षेत्र तथा सबै गाउँपालिकाहरु सामान्य पहाडदेखि विकट पहाडमा पर्दछन्। २०७८ सालको जनगणना अनुसार यस जिल्लाको जनसङ्ख्या ३,४२,७७३ जना रहेको छ।

### १.२.बेलका नगरपालिकाको परिचय :

बेलका नगरपालिका उदयपुर जिल्लाको पुर्वी भागमा अवस्थित नगरपालिका हो । यस नगरपालिकाको उत्तर तिर सुनकोशी पुर्व तिर सप्तकोशी, दक्षिण तिर त्रियुगा नदिले बेष्ठित रहेको छ । महाभारतको काँखमा अवस्थित यो नगरपालिकाको पश्चिम तिर देउराली डाडाँले घेरेको छ । प्रचुर मात्रामा प्राकृतिक श्रोत साधनबाट सम्पन्न तराई, पहाड, हिमालको स्वरुपमा रहेको बेलका नगरपालिका जैविक विविधताको धनी रहेको छ । विविध जाती, जनजातीका भाषा, कला, संस्कृतिबाट शुसोभित बेलका नगरपालिका उत्तरको हिमाली श्रृङ्खलाको दृश्याबलोकन देखि लिएर समथर मैदानको हरियाली दृश्यपान गर्दै रमाईरहेको छ ।नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुनर संरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ४ वटा गाउँ विकास समितिहरु (रामपुर, ठोक्सिला, तपेश्वरी, मैनामैनी र कटुञ्जेववला ) रुपान्तरण

भई २०७३ सालमा बनेको हो । बेलका भनेको यस नगर क्षेत्रको दक्षिणी भागमा फैलिएको जंगल हो । प्राचिन कालमा यस ठाउँमा बेलका राजा बेलका रानीले राज्य गर्दथे । यहाँ नागाहरुको प्राचिन सभ्यता स्थापित भएको थियो । बेलका जंगलमा हाल सम्म पनि पानी परेको बेला बाहिरी माटोहरु बगरे घाममा ट ल्किएको अवस्थामा सुन भेटिने गरेको छ र धेरै मानिसहरुले भेटेका पनि छन । यो सून पाइने ठाउँलाई सुनखानी भनिन्छ । प्राचिन कालमा पतन भएको नागाहरुको सभ्यताका परिचयहरु दिने जंगलमा पोखरी, बगैंचाहरु र दरबारका भग्नावेश र ईंटाका टुक्रा, माटोका भाडाहरुको अवशेषहरु प्रशस्तै पाईन्छ । यस क्षेत्रमा प्राचिन सिसाका टल्कने बस्तुहरु मोतिमालाहरु, सि.माला, जि.मालाहरु, फूटवल आकारका बस्तुहरु अझै पनि पाईन्छ । प्राचिन कालमा बेलका राजा बेलका रानीको अनुग्रहमा यस क्षेत्रका मानिसहरु रक्षित भएको कुरा किंबदन्तीको रुपमा सुनिन्छ । कुनै मानिसहरु जंगलमा हराएमा राती ठूलो चम्किलो शहर उत्पन्न हुने, त्यहि खाना बासको ब्यवस्था हुने र विहान उठ्दा खेरी पत्करमा सुतिरहेको हुने अचम्म हुन्थ्यो भनिन्छ । यस जंगलमा लोप भएको निलगाई समेत पाईन्थ्यो । मानिसहरुले आफूलाई ऋण चाहिएमा, भाकल गरेर ऋण समेत प्राप्त हुने भन्ने कुरा किंबदन्तीमा सुनिन्छ । हाल सम्म पनि मानिसहरु बेलका राजारानीको पुजा आजा गर्ने गर्दछन् । त्यसैले नै यहि बेलका राजा बेलका रानीको किम्बदन्तीबाट यस नगरपालिकाको नाम बेलका नगरपालिका नामाकरण गरिएको हो ।

## ३.भौगोलिक स्वरुप तथा सिमानाः

नेपालको सातवटा प्रदेश मध्ये सबैभन्दा पूर्वमा रहेको कोशी प्रदेशको १४ जिल्लाहरु मध्ये उदयपुर जिल्ला भौगोलिक बिबिधता भएको साथै विकासको गतिमा अघि बढ्न थालेको र प्रशस्त सम्भावना बोकेको जिल्ला हो । राजनैतिक रुपले ४ वटा गाउँपालिका र ४ वटा नगरपालिका सहित जम्मा ८ वटा स्थानीय तहमा विभाजित उदयपुर जिल्ला पहाडको फेदबाट महाभारत पर्वत शृंखला सम्म फैलिएको पुर्वमा सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका र धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिका, उत्तरमा भोजपुर जिल्लाको हतुवागढी र आम्चोक गाउँपालिका, पश्चिममा उदयपुरकै चौदण्डीगढी नगरपालिका र सप्तरी जिल्लाको सप्तकोसी नगरपालिका त्यसैगरी दक्षिणमा सप्तरी जिल्लाको कञ्चनरुप यस नगरपालिकाको सिमाना निर्धारण गरेको छ । समुन्द्र सतहदेखि १३६.२ मिटर सम्मको उचाइमा रहेको यो नगरपालिकाको क्षेत्रफल ३४४ वर्ग किलो मिटर रहेको छ । यसको उत्तरी अक्षाशं २६०४२'०९" देखि ८६०५५'२९" सम्म र पर्वी देशान्तर ८७०१०'०६" सम्म फैलिएको छ ।

## ४.राजनैतिक तथा प्रशासनिक अवस्थितिः

यस नगरपालिकाको केन्द्र रामपुर बजारमा रहेको छ । साविकको तपेश्वरी गाविसको वडा नं. ४, ५, ६, ७, ८ र ९ मिलाएर वडा नं. १, तपेश्वरी गाविसकै वडा नं. १, २ र ३ मिलाएर वडा नं. २, ठोक्सिला गाविसको वडा नं. ३, ४, ५ र ६ मिलाएर वडा नं. ३, ठोक्सिला गाविसकै ७ नम्मरबाट वडा नं. ४, ठोक्सिला गाविसको वडा नं. ८ र ९, बबला गाविसको वडा नं. १ र २ मिलाएर वडा नं. ५, कटुञ्जेववला गाविसको वडा नं. ३, ४, ५, ६, ७, ८ र ९ मिलाएर वडा नं. ६, मैनामैनी गाविसको वडा नं. १, २, ३, ४, ५, ६, ७ र ८ मिलाएर वडा नं. ७, मैनामैनी गा.वि.स.को वडा नं. ९ र ठोक्सिला गा.वि.स.को वडा नं. १ मिलाएर वडा नं. ८ र ठोक्सिला गा.वि.स.को वडा नं. २ लाई वडा नं. ९ कायम भई यस नगरपालिकाको जम्मा वडा संख्या ९ वटा रहेको छ । हाल यस नगरपालिकाको उत्तरी क्षेत्रमा ४ वटा वडाहरु ५,६,७ र ८ पहाडी भिरालो क्षेत्रहरु रहेका छन । यी वडाहरुमा चुरे क्षेत्र देखि महाभारतको पर्वतमाला सम्म फैलिएर रहेका छन भने दक्षिणी क्षेत्रमा वडा नं १,२,३,४ र ९ समथर मैदानी भू-भागमा अवस्थित रहेको छ ।

## १.३.स्थिति प्रतिवेदनको पृष्ठभुमीः

बेलका नगरपालिकालाई आ.व.२०८३ भाद्र २९ सम्म बालमैत्री नगरको रुपमा घोषणा गर्ने सन्दर्भमा व्यक्त भएका प्रतिवद्धताहरुलाई पुरा गर्नका लागि बालबालिका सम्वन्धी महासन्धी, १९८९, नेपालको संविधान, बालबालिका सम्वन्धी ऐन, २०७५, बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ ले व्यवस्था गरेका सुचकहरुको प्राप्ती गर्नका लागि नगरको बालबालिका सम्वन्धी आधारभुत अवस्थाको जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।नगरको बालबालिकाको आधारभुत अवस्थाका आधारमा तयार हुने रणनीति र कार्यनीतिहरुले बालमैत्री स्थानीय शासनको दीगोपनालाई समेत आत्मसाथ गर्ने भएकोले बेलका नगरपालिकाका विषयगत शाखाहरुवाट प्राप्त सुचनाहरु, वडाहरुवाट प्राप्त सुचनाहरु, टोलविकास संस्थाहरुवाट प्राप्त सुचनाहरुका आधारमा बालमैत्री स्थानीय शासनका निर्दिष्ट गरिएका सुचक अनुरुपका सुचनाहरु संकलन र प्रसोधन गरी यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

## १.४. स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य

यस बेलका नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्नुका निम्न वमोजिमका उद्धेश्यहरु रहेका छन ।

क. बालमैत्री स्थानीय शासन घोषणाका लागि नगरपालिकाका बालबालिकाको वास्तविक अवस्था पत्ता लगाउनु ।

ख. बालमैत्री स्थानीय शासन घोषणाका लागि तयार गरिने रणनीतिका लागि आधार तय गर्नु ।

ग. नगरपालिकाले बालबालिका लागि वनाउने नीति, कार्यक्रम तथा योजनाका लागि सुचना प्राप्त गर्नु ।

**१.५. स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरुः**

यस नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्न निम्नानुसारका विधिहरु अपनाईएका छन ।

क. प्राथमिक सुचना संकलन

ख.द्वितिय सुचना संकलन

प्राथमिक सुचना संकलन कार्य अन्तरगत नगरपालिकाका ९ वटै वडाहरुवाट प्राप्त भएको सुचनाहरुलाई प्रसोधन गरीएको थियो। यसरी टोलवाट प्राप्त भएको आधारभुत सुचनालाई आधारभुत प्रसोधनको कार्य भएको थियो ।

द्वितिय सुचना संकलन : यस अन्तरगत बालबालिका सम्वन्धी विभिन्न कानूनी व्यवस्था, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रिय तथ्यांक विभागवाट प्रकाशित भएका सुचनाहरु, राष्ट्रिय बालअधिकार परिषद्वाट प्रकाशित भएका दस्तावेजहरु, नगरपालिकाका विषयगत शाखाहरुवाट प्राप्त भएका सुचनाहरु, नगरपालिकावाट प्रकाशित दस्तावेजहरुलाई समेत आधारको रुपमा लिईएको छ ।

**१.६. प्रतिवेदनमा समाविष्ट भएका विषयहरु** : यस प्रतिवेदनमा बालअधिकारका चार आधारहरु बालबचाउँ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकासका सुचनाहरुलाई समाविष्ट गरिएको छ ।

# परिच्छेद २

## बालबालिका सम्वन्धी नीतिगत व्यवस्था

### २.१ नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था :

नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिईएको छ । संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरुको व्यवस्था भएको छ । यी उपधाराहरु लगायत धारा १८,२०,२९,३१,३५,४०, ४२,४३ र ५१ मा उल्लिखित हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन । यस बाहेक धारा १० मा नागरिकता पाउने हक,धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनियताको हक लगायतका मौलिकहरु बालबालिकाप्रति आकर्षित हुन्छन ।

### २.२.बालबालिका सम्वन्धी ऐन,२०७५ र अन्य सम्वन्धित केही ऐनहरुः

बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिकाका अधिकार तथा विषयहरू केन्द्रित विशिष्टीकृत पहिलो ऐन थियो । उक्त ऐनलाई खारेज गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । यस बीचमा नेपालमा बालबालिकाको मानव अधिकारसँग सम्बन्धित विभिन्न अवयवहरू तथा विषयहरू संविधान, कानूनहरू, नीति, आवधिक योजना, राष्ट्रिय कार्ययोजना लगायतमा समावेश गरी कार्यान्वयनको क्रममा विभिन्न संस्थागत संरचना स्थापना तथा पुनस्र्थापना गरी अनेकन् कार्यहरू गरिसकिएको छ । यसको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार भइसकेका छन् भने नवीनतम् प्रयोग र जल्दाबल्दा समस्या तथा सवालहरूको सामना समेत गरिएका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकुल रहेको छ । यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरू (बाँच्नपाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्नपाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवा सुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप गर्न पाउने, शिक्षा पाउने लगायत) सुनिश्चित गरिएका छन् । राज्यले, परिवार वा संरक्षकले, बालबालिका सम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन् । यसैगरी, ऐनमा बालन्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था, बाल कोषको स्थापना तथा सञ्चालन, बालबालिका विरुद्धको कसूर लगायत बालबालिकाको कर्तव्य समेतको

व्यवस्थाहरू भएका छन् । यद्यपि, यस ऐनमा समसामयिक तथा यथोचित व्यवस्थाहरू गर्न सुधार गन जरुरी देखिएको छ । बालबालिकाका आधारभूत अधिकार, संरक्षण र विकासका विषयहरू अन्य ऐनहरूमा पनि समावेश गरिएका छन् । उदाहरणका लागि, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरू रहेका छन् ।

## २.३ बालबालिका सम्वन्धी योजना, कार्ययोजा तथा नीति तथा कार्यक्रम

पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाई एकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुव्र्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवद्र्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ र उद्देश्यहरू निम्नानुसार रहेका छन् ।
बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवद्र्धन गर्नु,

- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका
- हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४–२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८–८७), विद्यालय क्षेत्र विकास योजना (२०७३÷७४–२०७९÷८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव–प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई–हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

## परिच्छेद-३

## क्षेत्रगत सुचना विश्लेषण

### ३.१ नगरपालिकाको आधारभुत तथ्यांक

**३.१.१ बेलका नगरपालिकाको उमेरगत जनसंख्याः-** यस बेलका नगरपालिकाको ९ वटै वडाका जनसंख्या ५१,०४३ जना रहेको जसमा महिला २६,६४३ र पुरुष २४,४०० जना रहेको छ । यसरी हेर्दा नगरपालिकामा ५२ प्रतिशत महिला र ४८ प्रतिशत जनसंख्या पुरुषको रहेको छ ।

**तालिका नं.१ बेलका नगरपालिकाको जनसंख्या**

| क्रस. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | २६,६४३ | २४,४०० | ५१,०४३ |

स्रोत राष्ट्रिय जनगणना २०७८

**चित्र नं.१ बेलका नगरपालिकाको जनसंख्यात्मक अवस्था**




**३.१.२ नगरपालिकाको जातिगत तथा धार्मिक रुपमा समाविष्ट घरधुरीको अवस्था**

बेलका नगरपालिकाको ९ वटै वडामा रहेका जनसंख्याको जातिगत घरधुरीका आधारमा विश्लेषण गर्दा जम्मा घरधुरी १२१५८ रहेकोमा राई २७%, क्षेत्री २४%, दलित ११%, थारु ८%, ब्राम्हण ७%। मगर ६%, तामाङ ४%, नेवार ३% र बाँकी अन्य जातजाती रहेकाछन रहेकाछन ।त्यसैगरी धर्मका आधारमा हिन्दु ८१.३%, किरात १०.४% , बौद्ध ४%, ईसाई ४%, बाँकी अन्य रहेकाछन ।

**३.१.४ नगरपालिकाको बालबालिका सम्वन्धी जनसंख्याः-** बेलका नगरपालिकाको बालबालिका सम्वन्धी प्राप्त सुचनका आधारमा यस नगरपालिका ९ वटै वडामा १८ वर्ष उमेर सम्मका बालबालिकाको जम्मा जनसंख्या १९,४४३ जना रहेका छन । जसमा बालक ९,९८५ र बालिका ९,४५७ जना र १ जना तेस्रो लिंगी रहेकाछन ।नगरपालिकाको समग्र जनसंख्याको आधारमा बालबालिकाको जनसंख्या ३८% रहेको छ भने बालक ५१.३५% र बालिका ४८.६४% रहेका छन ।

**तालिका नं.२ बालबालिकाको उमेरगत जनसंख्याको विवरण**

| उमेर समुह | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| ५ वर्ष भन्दा मुनी | २३७३ | २५८८ | १ | ४९६२ |
| ६ देखी ९ सम्म | १९२६ | २०५२ | | ३९७८ |
| १० देखि १४ वर्ष | २७७७ | २८७७ | | ५६५४ |
| १५ देखि १८ वर्ष | २३८१ | २४६८ | | ४८४९ |
| जम्मा | ९४५७ | ९९८५ | १ | १९४४३ |

राष्ट्रिय जनगणना २०७८

**चित्र नं.२ नगरपालिका बालबालिकाको संख्यात्मक अवस्था**




## ३.२ बाल बचाउँ

### ३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण

आ.व.२०७८/७९ सम्ममा यस नगरपालिकाका १२६२ गर्भवती भएको देखिन्छ भने प्रसुती पूर्व गरिने चार पटकको स्वास्थ्य परिक्षण पुरा गर्ने ७९० जना रहेको पाईयो । यसरी हेर्दा प्रसुती पूर्वको ४ पटकको स्वास्थ्य परिक्षण गर्ने ६२.५% रहेको छ ।

स्रोत बेलका नगरपालिका स्वास्थ्य शाखाको प्रतिवेदन,२०७९

**३.२.२ सुरक्षित सुत्केरीः-** यस नगरपालिकामा आ.व.२०७८/७९ सम्ममा गर्भवती भएका महिलाहरु मध्ये ५२२ जना सुत्केरी स्वास्थ्य संस्थामा भएका छन । २४० जना स्वास्थ्यकर्मीको सहयोगमा घरमानै र ५०० जना स्वास्थ्यकर्मीको अनुपस्थितीमा घरमा नै सुत्केरी भएका छन ।

**३.२.३ सुत्केरी पश्चात स्वास्थ्य परिक्षणको अवस्था**

बेलका नगरपालिकाका आ.व. २०७८/७० सम्म सुत्केरी भएकाहरुले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण गरेको पाईएन ।

**३.२.४ बच्चा जन्मेको ६ महिना सम्म आमाको मात्र दुध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था**

बच्चालाई जन्मेको ६ महिनासम्म आमाको मात्र दुध खुवाउनु बच्चाको स्वास्थ्यको लागि अति जरुरी हुन्छ । यसै सन्दर्भमा बेलका नगरपालिकाको स्वास्थ्य शाखावाट प्राप्त सुचना अनुसार ७२.६% सुत्केरी महिलाहरुले ६ महिना सम्म आफ्नो मात्र दुध खुवाएको पाईयो ।२७.६% आमाहरुले दुधको साथै अन्य खानेकुराहरु पनि खुवाएका छन । जसमा ल्याक्टोजिन, झोलिलो खानेकुरा, गाई भैसीको दुध, दालभात सर्वोत्तम पिठोको लिटो रहेकाछन ।

**३.२.५ खोपको अवस्थाः-** बेलका नगरपालिकाका नेपाल सरकारले व्यवस्था गरेको सबै प्रकारका खोपहरु लिने बालबालिकाहरु ८७% रहेको तथ्यांक बेलका नगरपालिकाको स्वास्थ्य शाखावाट देखिन्छ।त्यसैगरी बेलका नगरपालिकाको पार्श्वचित्र २०७५ लाई आधार मान्दा पनी १४२५ शिशु ० देखी १ वर्षमुनीका रहेको मा ८५२ शिशुले विसिजी, ८१४ ले पेन्टाभ्यालेण्ट ८१४ ले पोलियो तेस्रो, ८२४ ले दादुरा/ रुवेला को खोप लिएको देखिन्छ ।

**३.२.६. ६ महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था :** बेलका नगरपालिकाका सबै वडामा यस वर्ष ६ महिनादेखी ५ वर्ष उमेर सम्मका ८७% बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था रहेको देखिन्छ ।

**३.२.७ गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्थाः-** गर्भाअवस्थामा हुने रक्तश्राव र रगतको कमीवाट हुने जोखिमलाई न्यूनिकरण गर्न हरेक गर्भवती महिलाले २२५ वटा आईरन चक्की खानुपर्ने र २ पटक टिडि खोप लगाउनु पर्ने व्यवस्था गरिएको छ । जस अन्तरगत २०७८/७९ सम्म गर्भवती भएका १२६२ महिला मध्ये ८४० पहिलो जाँचमा र ६८३ जनाले २+२ टिडि खोप लिएका छन ।त्यसैगरी १२६२ महिलाले आईरन चक्की सुत्केरी हुनुपुर्व खाएका छन।

**चित्र  गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्थाः-**




स्रोत बेलका नगरपालिका स्वास्थ्य शाखाको प्रगती प्रतिवेदन २०७९

**३.२.८ एच.आई.भी सम्वन्धी विवरणः-** बालमैत्री स्थानीय शासन अन्तरगतको एउटा महत्वपूर्ण पाटोको रुपमा रहेको एचआईभी सक्रमितहरुको व्यवस्थापन र उपचार को व्यवस्था पनी रहेको छ । यस नगरपालिकाको ९ वटा वडाहरु रहेका ५१०४३ जनामा ४ जना एचआईभी सक्रमितहरु रहेको र उनिहरुको पनि उपचार भएको छ । यस वर्ष कुनैपनी सक्रमित महिलावाट बालबालिकाको जन्म नभएको पाईयो ।

**३.२.९ बालबालिकाको कुपोषण सम्वन्धी अवस्थाः-**बेलका नगरपालिकाका पार्श्वचित्र अनुसार ९ वटा वडाहरुमा रहेका ५ वर्षमुनीका बालबालिकाहरु मध्ये कुपोषित बालबालिकाहरुको संख्या २९ रहेको देखिन्छ । जुन कुल बालबालिकाहरुको संख्याको ०.७ प्रतिशत हुन आउछ ।

**३.२.१० प्राथमिक स्वास्थ्य केन्द्र सम्म पहुँचको अवस्थाः-** यस बेलका नगरपालिकामा रहेका सामुदायिक स्वास्थ्य ईकाइ, स्वास्थ्य चौकी तथा नगर अस्पताल सम्मको नागरिकको पहुँचलाई हेर्दा १२२९ परिवारलाई सामुदायिक स्वास्थ्य ईकाइ र ९९८ परिवारलाई स्वास्थ्य चौकी सम्म पुग्न २ घण्टा भन्दा वढी समय लाग्ने देखिन्छ ।

**३.२.११ स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्वन्धी मानवीय स्रोतको अवस्थाः-** यस नगरपालिकामा एक नगर अस्पताल,आधारभुत स्वास्थ्य केन्द्र ५ वटा, शहरी स्वास्थ्य केन्द्र २ वटा, स्वास्थ्य चौकी ३ वटा र गाउँघर क्लिनिक २६ वटा रहेका छन । यसरी ११ वटा स्वास्थ्य संस्था र २६ गाउँघर क्लिनिकहरुमा ५३ जना स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गर्दै आईरहेको देखिन्छ । जसमा मेडिकल अधिकृत १,जनस्वास्थ्य अधिकृत १, सिअहेव छैठौं ४, अनमी छैठौं १, जनस्वास्थ्य निरीक्षक३, सिअहेव ५, सिअनमी,३, हेल्थ असिस्टेन्ट १, स्टाफ नर्स २, अहेव ८, अनमी १३, ल्याव टेक्निसियन १, ल्याव असिस्टेन्ट ३, रेडियोग्राफर १, नेत्र सहायक १, अपटेसियन १, कविराज १, वैद्य १ जना रहेको अवस्था छ ।

**३.२.११ खानेपानीको स्रोत तथा सुद्दिकरण सम्वन्धी अवस्थाः-** यस नगरपालिकामा खानेपानीको अवस्थालाई हेर्दा १२१५८ घरधुरी मध्ये ४१ प्रतिशत घरधुरीले पाईपवाट वितरण गरिएको पानीको प्रयोग गर्ने गरेको पाईयो भने ४७ प्रतिशत घरधुरीले ट्युवेल तथा हेन्डपम्पको पानी पिउने गरेका छन । बाँकी घरधुरीले ईनार, कुवा, खोला, ईनारको पानी प्रयोग गर्ने गरेको देखिन्छ।

**३.२.१२ शौचालय र सरसफाई सम्वन्धीको व्यवस्थाः-** बेलका नगरपालिका खुल्ला दिसामुक्त नगरपालिकाको रुपमा घोषित भईसकेको र यसको दीगोपनाको रुपमा कार्य गर्दै आईरहेको छ । बालमैत्री स्थानी शासनका सुचकहरु मध्ये यो सुचक पनी रहने गर्दछ । जसले गर्दा यस नगरपालिकामा १२१५८ घरधुरी मध्ये ९२.७% घरधुरीमा सौचालय रहेको छ । त्यसैगरी यस नगरपालिकामा ३ वटा सार्वजनिक शौचालयहरु रहेकाछन ।

## ३.३.बालसंरक्षण

बालबालिकाकहरुको गर्भावस्था देखिनै संरक्षण पाउने अधिकार रहन्छ । सुरक्षित रुपमा जन्मन पाउँने, जन्मिएपछी नाम र पहिचानको अधिकार हुदैं विभिन्न जोखिमहरुवाट संरक्षण पाउने अधिकार रहन्छ । यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरुमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४) अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनर्स्थापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १) । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ । बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरु रहेका छन् । यी कानूनी प्रावधानहरुबाट नेपालको कानून बालमैत्री रहेको देखिन्छ ।

यसका आधारभुत सुचकहरुको आधारमा बेलका नगरपालिकामा बालसंरक्षणको अवस्था विश्लेषण गरिएको छ ।

**३.३.१ जन्मदर्ता सम्वन्धी अवस्थाः:-** नगरपालिकाका सबै वडामा लिएको सुचना अनुसार २०७९ सालमा जम्मा २६६८ जनाको जन्मदर्ता भएको छ । जसमा बालक १३५७ र बालिका १३११ जना रहेको देखिन्छ ।वडागतरुपमा जन्मदर्ताको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ३ वडागत जन्मदर्ताको अवस्थाः-**

| वडा | जन्मदर्ता | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| १ | ११५ | ९८ | २१३ |
| २ | १७० | १५६ | ३२६ |
| ३ | १९६ | २०१ | ३९७ |
| ४ | १६९ | १५९ | ३२८ |
| ५ | २०१ | २०९ | ४१० |
| ६ | १५१ | १५१ | ३०१ |
| ७ | ३९ | ३१ | ७० |
| ८ | १६५ | १५७ | ३२२ |
| ९ | १५१ | १४९ | ३०० |

स्रोत : वेलका नगरपालिका पञ्जिकरणको प्रतिवेदन २०७९

**३.३.२ बालविवाहको अवस्थाः-** बालविवाह अहिलेको जल्दोवल्दो समस्याको रुपमा रहेको छ । नेपालले सन २०३० सम्म बालविवाहमुक्त नेपालको घोषणा गरेको अवस्थामा स्थानीय स्तरमा बालविवाह जटिल समस्याको रुपमा रहेको देखिन्छ । यसै परिप्रेक्षमा बेलका नगरपालिकाको सवै वडामा गरिएको सर्वेक्षणले बालिविवाहको अवस्था देहाय वमोजिम देखाएको छ ।

यस वर्ष बेलका नगरपालिकाका मिति २०७९ वैसाख देखि २०७९ चैत्र मसान्त सम्म १२१८ जोडीको विवाह दर्ता भएको छ । कानूनत २० वर्षमुनीको विवाहदर्ता नहुने भएकोले बालविवाहको अवस्थाको पहिचान हुन सकेको छैन । तथापी समाजमा २० वर्षमुनीको विवाह हुने गरेको छ ।नगरपालिकाको पार्श्वचित्र २०७५अनुसार १८ वर्षभन्दा कम उमेरमा विवाह गर्नेको संख्या २०.८% रहेको देखिन्छ । जस्मा बालिका ७१.६% र बालक २८.३% रहेको देखिन्छ ।

**तालिका नं.४ वडागत रुपमा हेर्ने हो भनेक बालविवाहको अवस्था यसप्रकार रहेको छ ।**

| वडा | बालक | बालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | २११ | ४६१ | ६७२ | |
| २ | ५५९ | १२२२ | १७८१ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ५२२ | १२६२ | १७८४ | |
| ४ | २८२ | ८६७ | ११४९ | |
| ५ | ५५५ | १४४८ | २००३ | |
| ६ | ४२६ | ८१५ | १२४१ | |
| ७ | १३४ | ३१२ | ४४६ | |
| ८ | २८५ | ८४४ | ११२९ | |
| ९ | २१७ | ८४४ | १०६१ | |
| **जम्मा** | **३१९१** | **८०७५** | **११२६६** | |

नगरपालिकाको पार्श्वचित्र, २०७५,पञ्जीकरण शाखाको प्रगती प्रतिवेदन,२०७९

यसरी हेर्दा सबैभन्दा वढी बालविवाह वडा नं.५ मा २६% रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं.७ मा ८.५% रहेको देखिन्छ ।

**३.३.३ बालश्रम सम्वन्धी अवस्था:-** यस नगरपालिकाका वडा नं.१ देखी ९ सम्म रहेका कुल १९४४३ बालबालिकाहरु मध्ये ३८ जना बालबालिका बालश्रममा संलग्न भएको पाईयो ।बालबालिका श्रममा संलग्न रहेको देहाय वमोजिमको अवस्था रहेको छ ।

**तालिका नं.५ श्रममा संलग्न बालबालिकाको अवस्था**

| श्रमको क्षेत्र | बालबालिकाको संख्या |
|---|---|
| घरेलु कामदार | १३ जना |
| होटल तथा रेस्टुरेन्ट | १ |
| उद्योग व्यवसाय | ७ |
| अन्य | १७ |
| जम्मा | ३८ |

स्रोत बेलका नगरपालिका पार्श्वचित्र,२०७५

**चित्र नं.७ बेलका नगरपालिकामा बालश्रमको क्षेत्रगत अवस्था**



**३.३.४ नगरपालिकामा प्रहरी कार्यालयको अवस्थाः-** बालसंरक्षण प्रणालीको एउटा महत्वपूर्ण पक्ष भनेको प्रहरी हो । बाल संरक्षणका हरेक विषयहरु प्रहरीसँग सम्वन्धित रहेका हुन्छन । यस विषयसँग सम्वन्धित सुचनाका आधारमा नगरक्षेत्र भित्र रहेका प्रहरी कार्यालयहरुको विवरण निम्नानुसार रहेको छ ।
यस बेलका नगरपालिकामा रामपुरमा ईलाका प्रहरी कार्यालय रहेको छ भने मातहतमा ३ वटा प्रहरी चौकीहरु रहेका छन । जसमा कोठुमा अस्थायी प्रहरी चौकी, लालवजार र भागलमा रहेको छ ।

## ३.४ बालविकास

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरु समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरु रहेका छन् (१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।
(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।
(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।
(४). दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

### ३.४.१ प्रारम्भिक बाल विकास :

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ । नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ । प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

**तालिका नं. ६ : प्रारम्भिक बालविकास केन्द्रहरुको अवस्था**

| क्र.सं. | विवरण | संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र | ४६ | ४४७ | ४१० | ८५७ |

स्रोत : बेलका नगरपालिकाको शिक्षा शाखाको रिपोर्ट,२०७९

चित्र नं.८ प्रारम्भिक बालबिकास केन्द्रमा बालबालिकाहरुको उपस्थिती




**३.४.२ विशेष शिक्षा सम्वन्धी व्यवस्थाः-** सबै बालबालिकाले शिक्षा पाँउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकाले आफ्नो क्षमता अनुसारको शिक्षा प्राप्त गर्न पाउनु पर्छ । यसै गरी अपाङ्गता भएका बालबालिकाहरुले आफ्नो क्षमता अनुसारको शिक्षा पाउन अधिकार हो भने त्यस किसिमको शिक्षा प्रदान गर्नु राज्यको दायित्व पनि हो । यसै सन्दर्भमा बेलका नगरपालिका अपाङगता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा सम्वन्धी कुनै पनि कक्षाहरु नभएको देखियो।

**३.४.३ विद्यालय र विद्यालयमा अध्ययनरत बालबालिका सम्वन्धी अवस्थाः-** बेलका नगरपालिकाको समग्र शिक्षाको अवस्था हेर्दा यस नगरपालिकामा ७७.४८% साक्षरता दर रहेको छ । त्यसैगरी यस नगरपालिकामा ३९ वटा सामुदायिक आधारभुत विद्यालय र १५ वटा संस्थागत आधारभुत विद्यालयहरु रहेकाछन भने १३ वटा सामुदायिक माध्यमिक विद्यालय र ४ वटा संस्थागत माध्यमिक विद्यालयहरु रहेकाछन ।जसमा ६५०२ जना बालबालिकाहरु अध्ययनरत छन ।यस नगरपालिकामा ६०% बालबालिकाहरुले आधारभुत शिक्षा मात्र हासिल गरेको देखिन्छ ।

**तालिका नं.७ विद्यालय र विद्यालमा बालबालिकाहरुको अवस्था**

| विद्यालय विवरण | आधारभुत विद्यालय संख्या | माध्यमिक विद्यालय संख्या | जम्मा |
|---|---|---|---|
| सामुदायिक | ३९ | १३ | ५२ |
| संस्थागत | १५ | ४ | १९ |

स्रोत : बेलका नगरपालिकाको शिक्षा शाखाको रिपोर्ट,२०७९

चित्र नं. ९ बेलका नगरपालिकामा विद्यालयको अवस्था




तालिका नं.८ विद्यालयमा अध्ययनरत बालबालिकाहरुको अवस्था

| बालबालिका | आधारभुत तह | माध्यमिक तह | जम्मा |
|---|---|---|---|
| छात्र | २६७१ | ६५२ | ३३२३ |
| छात्रा | २५८४ | ५९५ | ३१७९ |
| | ५२५५ | १२४७ | ६५०२ |

स्रोत : बेलका नगरपालिकाको शिक्षा शाखाको रिपोर्ट,२०७९

चित्र नं.१० विद्यालयमा बालबालिको उपस्थिती



### ३.४.४ विद्यालय भर्ना दर र टिकाउ दर

बेलका नगरपालिकामा कक्षा १ देखी ५ समम खुँद भर्नादर ९६% निरन्तरता दर ८६% र टिकाउ दर ६६% रहेको छ भने कक्षा ६ देखी ८ सम्मको खुँद भर्नादर ९६% निरन्तरता दर ८६% र टिकाउ दर ६६ % नै रहेको देखिन्छ

### ३.४.५ विद्यालयमा शिक्षकको अवस्था र शिक्षक विद्यार्थी अनुपात

बेलका नगरपालिकामा रहेका ५२ सामुदायिक विद्यालयमा १३३ जना शिक्षकहरु कार्यरत रहेकाछन । जसमा ६१.७% पुरुष र ३८.३% महिला रहेकाछन । यसरी बेलका नगरपालिकामा २७:१ विद्यार्थी शिक्षक अनुपात रहेको छ ।

### ३.४.६ विद्यालय पुग्ने औषत समय

विद्यालयको दुरीले बालबालिकाहरुको सिकाईलाई असर पार्ने गर्दछ। विशेषगरी साना बालबालिकाहरुलाई विद्यालयको पहुँचमा हुनु अति आवश्यक रहेको हुन्छ । यहाँ बेलका नगरपालिकाका आधारभुत तह र माध्यमिक तहका बालबालिकाहरुलाई विद्यालय पुग्न लाग्ने औषत समयको विश्लेषण गरिएको छ ।जसमा आधारभुत तहका १७९० बालबालिकाहरुलाई १५ मिनेट र ८०५ जना बालबालिकाहरुलाई १ घण्टा समय लाग्ने गरेको देखिन्छ भने माध्यमिक तहका १०३२ बालबालिकाहरुलाई १५ मिनेट र १५८२ बालबालिकाहरुलाई १ घण्टा भन्दा वढी समय लाग्ने गरेको देखिन्छ ।

**स्रोत : बेलका नगरपालिकाको पार्श्वचित्र,२०७५**

### ३.४.७ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

बेलका नगरपालिकामा रहेका ५२ वटा सामुदायिक विद्यालयमा ७० प्रतिशत विद्यालयमा सामान्य भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको छ ।यस नगरपालिकामा रहेका विद्यालयमा १६६ वटा भवन र ४४४ वटा कक्षा कोठाहरु रहेका छन ।४४४ कक्षाकोठामा १२,६६७ विद्यार्थीहरु अध्ययन गर्दछन । यसरी विद्यार्थी र कक्षाकोठाको अनुपात मिलाउदा ८:१ पर्न जाने देखिन्छ ।त्यसैगरी ५२ वटा विद्यालयमा शौचालय रहेको छ भने ५ वटा विद्यालयमा छात्राको लागी छुट्टै शौचालय रहेको छैन भने ४१ वटा विद्यालयमा अपाङतामैत्री शौचालय रहेको छ ।५२ वटा विद्यालयमा खानेपानीको सामान्य प्रवन्ध गरिएको छ । **स्रोत : बेलका नगरपालिकाको पार्श्वचित्र,२०७५**

## ३.५ बालसहभागिता

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ । बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्दनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरुबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेकोछ ।

**३.५.१ बेलका नगरपालिकामा बालक्लवको अवस्थाः-** बेलका नगरपालिकाको बाट मिति २०७८।०३।३० मा स्वीकृत बेलका नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी,२०७८ को परिच्छेद ४ मा बालसहभागिताको व्यवस्था गरीएको छ ।

**३.५.२ बालक्लवमा बालबालिकाहरुको सहभागिताको अवस्थाः-** बेलका नगरपालिकाको हाल पालिका स्तरिय बाल संञ्जाल १वटा र ३ वटा वडास्तरीय बालसञ्जाल र १५७ वटा बालक्लवहरु गठन भई नगरपालिकामा दर्ता भैसकेको र छुटेका टोल तथा विद्यालयहरुमा बालक्लब गठनको प्रकृयामा रहेका छन ।२०७५ सालमा समुदायमा आधारित ९७ र विद्यालयमा आधारित १० बालक्लव रहेकोमा उक्त बालक्लवहरुको पुनर्गठन नहुँदा सबै बालक्लवहरु निस्कृय रहेको देखिन्छ ।

## तालिका न.११ वडागत बालक्लबको विवरण

| वडा न. | बालक्लबको संख्या | बाल क्लबम आवद्ध बालबालिकाको संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| वडा न.१ | १९ | ८८ | १०६ | |
| वडा न.२ | १६ | ११० | ९० | |
| वडा न.३ | २६ | १४१ | १५७ | |
| वडा न.४ | २० | ११० | १०० | |
| वडा न.५ | २२ | १३२ | १८० | |
| वडा न.६ | ५ | ३८ | ४५ | |
| वडा न.७ | १८ | ७७ | ८३ | |
| वडा न.८ | १८ | ११२ | १५४ | |
| वडा न.९ | १३ | ११३ | १५१ | |

## तालिका नं.११.१ बाल संञ्जाल तथा बाल क्लबको विस्तृत विवरण

| क्रस | बालक्लबको नाम | ठेगाना | टोल विकास सस्था |
|---|---|---|---|
| १ | सिर्जनशिल बालक्लव | बेलका नगरपालिका वडा नं.१ | आस्था टोलविकास संस्था |
| २ | जाल्पा बालक्लव | बेलका नगरपालिका वडा नं.१ | ठाकुरबाबा यलम्वर टोलविकास संस्था |
| ३ | यलम्वर बालक्लव | बेलका नगरपालिका वडा नं.१ | झाखैर टोलविकास संस्था |
| ४ | कोशी बालक्लव | बेलका नगरपालिका वडा नं.१ | खयरघारी टोलविकास संस्था |
| ५ | सगरमाथा बालक्लव | बेलका नगरपालिका वडा नं.१ | स्कुल टोलविकास संस्था |
| ६ | एकता बालक्लव | बेलका नगरपालिका वडा नं.१ | माझी टोलविकास संस्था |
| ७ | लालिगुँरास बालक्लव | बेलका नगरपालिका वडा नं.१ | आम्वासी टोल विकास संस्था |
| ८ | हिमाल बालक्लव | बेलका नगरपालिका वडा नं.१ | तिर्थआदर्श टोल विकास संस्था |
| ९ | आदर्श बालक्लव | बेलका नगरपालिका वडा नं.१ | अभिनारायण टोल विकास संस्था |
| १० | प्रगतिसिल बालक्लव | बेलका नगरपालिका वडा नं.१ | अनन्त मुलगाउँ टोल विकास संस्था |
| ११ | संयुक्त बालक्लव | बेलका नगरपालिका वडा नं.१ | मिलन टोल विकास संस्था |
| १२ | बेलका बालक्लव | बेलका नगरपालिका वडा नं.१ | प्रगतीनगर टोल विकास संस्था |
| १३ | प्रगती बालक्लव | बेलका नगरपालिका वडा नं.१ | भौडादेवी टोल विकास संस्था |
| १४ | भौडादेवी बालक्लव | बेलका नगरपालिका वडा नं.१ | तल्लो वल्ली टोल विकास संस्था |
| १५ | नवसृजना बालक्लव | बेलका नगरपालिका वडा नं.१ | जनता मा.वि. पुरन्दर टोल |
| १६ | मखमली बालक्लव | बेलका नगरपालिका वडा नं.४ | पश्चिमत तपेश्वरी टोल |
| १७ | तपेश्वरी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | बालुवाटार टोल विकास |
| १८ | सुरक्षा बालक्लव | बेलका नगरपालिका वडा नं.४ | विवेकशिल टोल विकास |
| १९ | विवेकशिल बालक्लव | बेलका नगरपालिका वडा नं.४ | प्रगती टोल सुधार संस्था |
| २० | बरगाछी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | राम लक्ष्मण टोल सुधार संस्था |
| २१ | नवजागरण बालक्लव | बेलका नगरपालिका वडा नं.४ | जनजागृती टोल सुधार संस्था |

| | | | |
|---|---|---|---|
| २२ | सगरमाथा बालक्लव | बेलका नगरपालिका वडा नं.४ | विज्ञान टोल सुधार संस्था |
| २३ | लालीगुँरास बालक्लव | बेलका नगरपालिका वडा नं.४ | बरगाछी टोल सुधार संस्था |
| २४ | सयपत्री बालक्लव | बेलका नगरपालिका वडा नं.४ | गौरीशंकर टोल सुधार संस्था |
| २५ | पारीजात बालक्लव | बेलका नगरपालिका वडा नं.४ | लालवजार टोल सुधार संस्था |
| २६ | सक्षम बालक्लव | बेलका नगरपालिका वडा नं.४ | आनन्द टोलसुधार संस्था |
| २७ | नमुना बालक्लव | बेलका नगरपालिका वडा नं.४ | शिशुवा टोल सुधार संस्था |
| २८ | नयाँ विहानी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | देविस्थान टोल सुधार संस्था |
| २९ | सुन्दर नगरी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | सुन्दर नगरी डाँडा टोल सुधार संस्था |
| ३० | मिलन बालक्लव | बेलका नगरपालिका वडा नं.४ | महाभारत टोल |
| ३१ | अखाडी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | डिहि टोल सुधार संस्था |
| ३२ | मिलिजुली बालक्लव | बेलका नगरपालिका वडा नं.४ | जन्ता टोल सुधार संस्था |
| ३३ | आनन्द बालक्लव | बेलका नगरपालिका वडा नं.४ | अखाडी टोल सुधार संस्था |
| ३४ | सनौलो बालक्लव | बेलका नगरपालिका वडा नं.४ | चन्द्रसूर्य टोल सुधार संस्था |
| ३५ | देविस्थान बालक्लव | बेलका नगरपालिका वडा नं.४ | मिलन टोल सुधार संस्था |
| ३६ | विज्ञान बालक्लव | बेलका नगरपालिका वडा नं.४ | सिर्जनशिल टोल सुधार संस्था |
| ३७ | लालवजार बालक्लव | बेलका नगरपालिका वडा नं.४ | स्कुल टोल सुधार संस्था |
| ३८ | राकस्मी बालक्लव | बेलका नगरपालिका वडा नं.४ | राक्सनी देविथान टोल सुधार संस्था |
| ३९ | | बेलका नगरपालिका वडा नं.२३ | हरिपुर टोल सुधार संस्था |
| ४० | विशाल बाल क्लब | बेलका नगरपालिका वडा नं.६ | बिशाल नगर टोल |
| ४१ | सहयोगी बाल क्लब | बेलका नगपालिका वडा नं.६ | रंगशाला टोल विकास संस्था |
| ४२ | ज्योती बाल क्लब | बेलका नगरपालिका वडा नं.६ | लेकाली टोल विकास संस्था |
| ४३ | सगरमाथा बालक्लव | बेलका नगरपालिका वडा नं.६ | श्री जन्ता मा.वि. लामि डाडाथुम्का |
| ४४ | दिप ज्योती बाल क्लब | बेलका नगरपालिका वडा नं.६ | श्री जनता मा.वि.पुवारे थुम्का |
| ४५ | बाल ज्योती बाल क्लब | बेलका नगरपालिका वडा नं.६ | श्री आ.वि. जाल्पादेवी |
| ४६ | सरस्वती बालक्लब | बेलका नगरपालिका वडा नं.६ | श्री आ.वि.राक्चे, वरवोटे |
| ४७ | सूर्य बालक्लब | बेलका नगरपालिका वडा नं.७ | कोलोहाङ झर्ना टोल विकास संस्था |
| ४८ | एन्जल एकता बालक्लब | बेलका नगरपालिका वडा नं.७ | माङटेन टोल विकास संस्था |
| ४९ | मुल गाउँ बाल क्लब | बेलका नगरपालिका वडा नं. | मैनारानी टोल विकास संस्था |
| ५० | नाकेश्वरी बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | साकेला चण्डी टोल विकास संस्था |
| ५१ | देउराली बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | त्रिवेणी टोल विकास संस्था |
| ५२ | कान्चिराङ बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | परिमार्जन टोल विकास संस्था |
| ५३ | प्रगतीशिल बालक्लब | बेलका नगरपालिका वडा नं.७ | शिव विष्णु टोल विकास संस्था |
| ५४ | बेस्ट गुरुप बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | ईन्द्रेणी टोल विकास संस्था |
| ५५ | श्री इन्द्रेणी बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | दुधकोशी टोल विकास संस्था |
| ५६ | नव सिर्जना बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | सिंह देवी टोल विकास संस्था |
| ५७ | शिक्षा बालक्लब | बेलका नगरपालिका वडा नं.७ | जाल्पा देवी टोल विकास संस्था |
| ५८ | हिमकला बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | सुन्दर टोल विकास संस्था |

| | | | |
|---|---|---|---|
| ५९ | श्री गोबाटार बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | हरियाली टोल विकास संस्था |
| ६० | सयपत्री बालक्लव | बेलका नगरपालिका वडा नं.७ | सृजना टोल विकास संस्था |
| ६१ | बेलगाछी बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | नमुना टोल विकास संस्था |
| ६२ | सुनौलो बिहानी बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | हर्खा रुस्तेन टोल विकास संस्था |
| ६३ | मैनारानी बाल क्लब | बेलका नगरपालिका वडा नं.७ | हिमाली टोल विकास संस्था |
| ६४ | लालिगुँरास बालक्लव | बेलका नगरपालिका वडा नं.७ | चोमालुमा टोल विकास संस्था |
| ६५ | बिराजे बालक्लब | बेलका नगरपालिका वडा नं.३ | विराजे टोल विकास संस्था |
| ६६ | असल बाल क्लब | बेलका नगरपालिका वडा नं.३ | बुद्ध प्रगती टोल विकास संस्था |
| ६७ | समृद्धी बाल क्लब | बेलका नगरपालिका वडा नं.३ | समृद्धी टोल विकास संस्था |
| ६८ | सफल बाल क्लब | बेलका नगरपालिका वडा नं.३ | जोगिनी टोल विकास संस्था |
| ६९ | जागृति बाल क्लब | बेलका नगरपालिका वडा नं.३ | उज्यालो टोल विकास संस्था |
| ७० | ज्योती बाल क्लब | बेलका नगरपालिका वडा नं.३ | ए.वि.सी.टोल विकास संस्था |
| ७१ | प्रगती बालक्लव | बेलका नगरपालिका वडा नं.३ | जगना टोल विकास संस्था |
| ७२ | ईन्द्रेणी बालक्लब | बेलका नगरपालिका वडा नं.३ | नेवार टोल विकास संस्था |
| ७३ | संयुक्त बालक्लव | बेलका नगरपालिका वडा नं.३ | मिलन सातपतिया टोल विकास संस्था |
| ७४ | स्वच्छ बालक्लब | बेलका नगरपालिका वडा नं.३ | सृजना एकता टोल विकास संस्था |
| ७५ | नमुना बालक्लव | बेलका नगरपालिका वडा नं.३ | नमुना टोल विकास संस्था |
| ७६ | मितेरी बालक्लब | बेलका नगरपालिका वडा नं.३ | दुर्गा मन्दिर टोल विकास संस्था |
| ७७ | बेलका बालक्लव | बेलका नगरपालिका वडा नं.३ | डाडा टोल विकास संस्था |
| ७८ | सृष्टि बालक्लब | बेलका नगरपालिका वडा नं.३ | माझी टोलविकास संस्था |
| ७९ | नयाचोक बालक्लब | बेलका नगरपालिका वडा नं.३ | नया टोल र तिन खोप्रे टोलविकास संस्था |
| ८० | शान्ती चोक बालक्लब | बेलका नगरपालिका वडा नं.३ | शान्ती टोल विकास संस्था |
| ८१ | हाम्रो सुन्दर बालक्लब | बेलका नगरपालिका वडा नं.३ | कालिका टोल विकास संस्था |
| ८२ | जागरुप बालक्लब | बेलका नगरपालिका वडा नं.३ | प्रगती टोल विकास संस्था |
| ८३ | ईन्द्रेणी बालक्लब | बेलका नगरपालिका वडा नं.३ | त्रिवेणी टोल विकास संस्था |
| ८४ | रमाईलो बालक्लब | बेलका नगरपालिका वडा नं.३ | रमझम टोल विकास संस्था |
| ८५ | चौतर्फी बालक्लब | बेलका नगरपालिका वडा नं.३ | जुलपी टोल विकास संस्था |
| ८६ | सालघारी बालक्लब | बेलका नगरपालिका वडा नं.३ | सालघारी टोल विकास संस्था |
| ८७ | सुनौलो बालक्लब | बेलका नगरपालिका वडा नं.३ | प्रगतीशिल र राजाजी टोल विकास संस्था |
| ८८ | ग्रिनल्याण्ड बालक्लब | बेलका नगरपालिका वडा नं.३ | जाल्पा टोल विकास संस्था |
| ८९ | मखमली बालक्लव | बेलका नगरपालिका वडा नं.३ | मिलटोल विकास संस्था |
| ९० | महाकाली बालक्लब | बेलका नगरपालिका वडा नं.८ | महाकाली टोल विकास संस्था |
| ९१ | पञ्चकन्या बालक्लब | बेलका नगरपालिका वडा नं.८ | सप्तकोशी टोल बिकास सस्था |
| ९२ | हरीयाली सुन्दर बालक्लब | बेलका नगरपालिका वडा नं.८ | कालिका टोल विकास संस्था |
| ९३ | शिवालय बालक्लब | बेलका नगरपालिका वडा नं.८ | चक्रपुर टोक विकास संस्था |
| ९४ | ज्योती बाल क्लब | बेलका नगरपालिका वडा नं.८ | दिव्यज्योती टोल विकास संस्था |
| ९५ | सिर्जना बालक्लब | बेलका नगरपालिका वडा नं.८ | राधाकृष्ण टोल विकास संस्था |

| | | | |
|---|---|---|---|
| ९६ | साझा फुलबारी बालक्लब | बेलका नगरपालिका वडा नं.८ | वरपिपल टोल विकास संस्था |
| ९७ | ताजा फुलबारी बालक्लब | बेलका नगरपालिका वडा नं.८ | शान्ती जागृति टोल विकास संस्था |
| ९८ | सुनौलो बालक्लब | बेलका नगरपालिका वडा नं.८ | जन्ता टोल विकास संस्था |
| ९९ | आराङ्गा बालक्लब | बेलका नगरपालिका वडा नं.८ | जनचेतना टोल विकास संस्था |
| १०० | बोक्तान बाल क्लब | बेलका नगरपालिका वडा नं.८ | जुनतारा टोल विकास संस्था |
| १०१ | धोपा बालक्लब | बेलका नगरपालिका वडा नं.८ | घोटा टोल विकास संस्था |
| १०२ | साझा फुलबारी बालक्लब (ख) | बेलका नगरपालिका वडा नं.८ | साकेला टोल विकास संस्था |
| १०३ | हात्तिसार बालक्लब | बेलका नगरपालिका वडा नं.८ | हात्ती सुडे टोल विकास संस्था |
| १०४ | चौतारा एकता बालक्ब | बेलका नगरपालिका वडा नं.८ | रानी चौतारी टोल विकास संस्था |
| १०५ | विश्वदिप बालक्लब | बेलका नगरपालिका वडा नं.८ | जिवन साहारा टोल विकास संस्था |
| १०६ | सिर्जना बालक्लब (क) | बेलका नगरपालिका वडा नं.८ | गौरीशंकर टोल विकास संस्था |
| १०७ | कोशी प्रगती बालक्लब | बेलका नगरपालिका वडा नं.९ | पुष्पाञ्जली टोल विकास संस्था |
| १०८ | पानीट्यांकी बालक्लब | बेलका नगरपालिका वडा नं.९ | पानी ट्यांकी टोल विकास संस्था |
| १०९ | एकता बालक्लव | बेलका नगरपालिका वडा नं.९ | एकता टोल विकास संस्था |
| ११० | नमुना प्रगती बालक्लब | बेलका नगरपालिका वडा नं.९ | कामना टोल विकास संस्था |
| १११ | प्रतिक ज्योती बालक्लब | बेलका नगरपालिका वडा नं.९ | बरगाछी टोल विकास संस्था |
| ११२ | रमाईलो बालक्लब | बेलका नगरपालिका वडा नं.९ | रमाईलो टोल विकास संस्था |
| ११३ | सुन्दर बालक्बल | बेलका नगरपालिका वडा नं.९ | सुन्दर टोल विकास संस्था |
| ११४ | मिलन बालक्लव | बेलका नगरपालिका वडा नं.९ | मिलन टोल विकास संस्था |
| ११५ | गौरव सुन्दर बालक्लब | बेलका नगरपालिका वडा नं.९ | नववरपिपल टोल विकास संस्था |
| ११६ | नमुना बालक्लव | बेलका नगरपालिका वडा नं.९ | नमुना टोल विकास संस्था |
| ११७ | दिपज्योती बालक्लब | बेलका नगरपालिका वडा नं.९ | दिपज्योती टोल विकास संस्था |
| ११८ | देविस्थान बालक्लव | बेलका नगरपालिका वडा नं.९ | देविस्थान टोल विकास संस्था |
| ११९ | कोशी बालक्लव | बेलका नगरपालिका वडा नं.९ | गौरव टोल विकास संस्था |
| १२० | गोदावरी बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२१ | डिहिवार बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२२ | हरीयाली बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२३ | कोपिला बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२४ | मखमली बालक्लव | बेलका नगरपालिका वडा नं.२ | |
| १२५ | गिदेरी बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२६ | शिवालय बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२७ | मकालु बालक्लब | बेलका नगरपालिका वडा नं.२ | |
| १२९ | सयपत्री बालक्लव | बेलका नगरपालिका वडा नं.२ | |
| १३० | मेलमिलाप बालक्लव | बेलका नगरपालिका वडा नं.५ | नवसृजना टोल विकास संस्था |
| १३१ | लालिगुँरास बालक्लव | बेलका नगरपालिका वडा नं.५ | प्रगतीशिल टोल विकास संस्था |
| १३२ | सयपत्री बालक्लव | बेलका नगरपालिका वडा नं.५ | लालिगुराँस टोल विकास |

| | | | |
|---|---|---|---|
| १३३ | देउराली बाल क्लब | बेलका नगरपालिका वडा नं.५ | सुपाडे टोल विकास सस्था |
| १३४ | मखमली बालक्लव | बेलका नगरपालिका वडा नं.५ | सूर्यमुखि टोल विकास संस्था |
| १३५ | मिलिजुली बालक्लव | बेलका नगरपालिका वडा नं.५ | जहडा सगरमाथा टोल विकास संस्था |
| १३६ | देउराली बाल क्लब | बेलका नगरपालिका वडा नं.५ | पुतलीवारी कुम्भिडाडा टोल विकास संस्था |
| १३७ | साहारा बालक्लब | बेलका नगरपालिका वडा नं.५ | ज्योती टोल विकास संस्था |
| १३८ | प्रगतीशिल बालक्लब | बेलका नगरपालिका वडा नं.५ | जलकन्या टोल विकास संस्था |
| १३९ | गोदावरी बालक्लब | बेलका नगरपालिका वडा नं.५ | त्रिवेणी टोल विकास संस्था |
| १४० | कन्चनजङ्गा बालक्लब | बेलका नगरपालिका वडा नं.५ | डाडागाउँ टोल विकास संस्था |
| १४१ | वर्णमाला बालक्लब | बेलका नगरपालिका वडा नं.५ | झोडापाटा टोल विकास संस्था |
| १४२ | अन्नपूर्ण बालक्लब | बेलका नगरपालिका वडा नं.५ | रातमाटे टोल विकास सस्था |
| १४३ | गुरास बालक्लब | बेलका नगरपालिका वडा नं.५ | बुधबारे टोल विकास संस्था |
| १४४ | पारिजात बालक्लब | बेलका नगरपालिका वडा नं.५ | संगम टोल विकास संस्था |
| १४५ | स्वतन्त्र बालक्लब | बेलका नगरपालिका वडा नं.५ | शक्ति टोल विकास संस्था |
| १४६ | देविस्थान बालक्लव | बेलका नगरपालिका वडा नं.५ | खयरघारी टोलविकास संस्था |
| १४७ | हिमचुली बालक्लब | बेलका नगरपालिका वडा नं.५ | हिमाली टोल विकास संस्था |
| १४८ | गोर्खाली बालक्लब | बेलका नगरपालिका वडा नं.५ | कामना टोल विकास संस्था |
| १४९ | दिपज्योती बालक्लब | बेलका नगरपालिका वडा नं.५ | रानी पधेरा टोल विकास संस्था |
| १५० | मञ्जुरी बालक्लब | बेलका नगरपालिका वडा नं.५ | शिवलाय टोल विकास संस्था |
| १५१ | चौतर्फी बालक्लब | बेलका नगरपालिका वडा नं.५ | जुल्पो टोल विकास संस्था |
| १५२ | सालघारी बालक्लब | बेलका नगरपालिका वडा नं.५ | सालघारी टोल विकास संस्था |
| १५३ | मखमली बालक्लव | बेलका नगरपालिका वडा नं.५ | मिलनटोल टोल विकास संस्था |
| १५४ | सुनौलो बालक्लब | बेलका नगरपालिका वडा नं.५ | प्रगतीशिल टोल विकास संस्था |

स्रोतः-बेलका नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको रिपोर्ट, २०७९

# परिच्छेद ४
## संस्थागत प्रवन्ध

**१.बालअधिकारको संस्थागत विकासका लागि भएका व्यवस्थाहरुः-** बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ अनुसार बेलका नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने कार्यलाई पुरा गर्न २०८३ साल भाद्र २९ गते भित्र बालमैत्री स्थानीय शासनयुक्त बेलका नगरपालिकाको लक्ष्य निर्धारण गरिएको छ । सोही अनुरुप संस्थागत प्रवन्धका रुपमा निम्नानुसारको व्यवस्था गरिएको छ ।

**१) बालमैत्री स्थानीय शासन नगर समितिको गठनः-** बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ को ले तोके वमोजिम नगर प्रमुख श्री अशोक कार्कीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको नगर स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन गरिएको छ ।

| पद | नाम थर |
|---|---|
| अध्यक्ष | श्री अशोक कुमार कार्की |
| उपाध्यक्ष | श्री जिरा राई |
| सदस्य | श्री पुरुषोत्तम घिमिरे |
| सदस्य | ईलाका प्रहरी कार्यलय प्रमुख |
| सदस्य | वडा अध्यक्ष सबै |
| सदस्य | कार्यपालिका सदस्यहरु सबै |
| सदस्य | विषयगत शाखा प्रमुख ( शिक्षा,स्वास्थ्य,योजना,सामाजिक विकास,महिला,बालबालिका नगर अस्पताल, पञ्जीकरण) |
| सदस्य | बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि/विषयविज्ञ |
| सदस्य | विध्यालय र स्वास्थ्य व्यवस्थापन समितिको सदस्य |
| सदस्य | महिला शिक्षिका र महिला स्वास्थ्य स्वयम सेविका सदस्य |
| सदस्य | नगर बाल संञ्जालको २ जना एक बालिका सहित |
| सदस्य | म.बा.शा.मा काम गर्ने सामुदायिक संस्था समुह सदस्य |
| सदस्य | सामाजिक विकास शाखा प्रमुख सदस्य -सचिव |

**२) नगर बालअधिकार समिति गठनः- बालबालिका ऐन, २०७५ तथा बेलका नगरपालिका बालअधिकार संरक्षण तथा संम्वर्द्धन कार्यविधि-२०७८ को दफा १८ बमोजिम तपशिल अनुसारको बेलका नगरको बाल अधिकार समिति गठन गरिएको छः-**

अध्यक्षः श्री जिरा राई उपप्रमुख

सदस्य : श्री पुरुषोत्तम घिमिरे प्रमुख प्रशासिकय अधिकृत

सदस्यः श्री कल्पना कटुवाल, वडासदस्य

सदस्य : श्री काजी तामाङ, वडासदस्य

सदस्य : श्री फणिन्द्र चौधरी, शिक्षक

सदस्य : श्री विनोद मिश्र, स्वास्थ्य शाखा प्रमुख

सदस्य : श्री चेतनाथ गौतम, प्रशासकिय अधिकृत

सदस्यः श्री उत्तम ढकाल, प्रशासकिय अधिकृत

सदस्यः श्री नानु कट्टेल, महिला बालबालिका शाखा प्रमुख

सदस्य : श्री गायत्रा राई , सामाजिक विकास शाखा प्रमुख

सदस्य : श्री टंक अधिकारी, समाजसेवी

सदस्य : श्री जानुका कार्की, बालमनोविज्ञ

सदस्य : श्री कुन्ता पुरी, ईलाका प्रहरी कार्यालय

सदस्य : श्री जनकदेव कार्की सञ्जाल बालक प्रतिनिधी

सदस्य : श्री सलिना खत्री बालक्लव सञ्जाल बालिका प्रतिनिधी

सदस्य : डा.श्री विसाल राई चिकित्सक

सदस्य : श्री राज कुमार नेपाली. बालबालिका र अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको प्रतिनिधी

सदस्य सचिव : श्री ज्योती राई बालकल्याण अधिकारी

३) बालमैत्री फोकलपर्शन र बालईकाईको व्यवस्था

यस नगरपालिकाका बालकल्याण अधिकारी श्री ज्योती राईलाई फोकल पर्शनको रुपमा तोकी महिला बालबालिका शाखालाई बालकल्याण ईकाइको रुपमा व्यवस्था गरिएको छ ।

४) **बालमैत्री घोषणाका लागि वडा छनौट**

पहिलो चरणमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि वडा नं.१ र ४ लाई छनौट गरिएको ।

## ५) बालमैत्री आचार संहिता

बेलका नगरपालिकाको मिति २०७९ चैत्र ७ गते बसेको नगर कार्यपालिकाको वैठकबाट पारित गरी लागु गरिएको बालमैत्री आचार सहिता निम्न छनः-

## १.अभिभावकहरुले पालना गर्नुपर्ने आचारसंहिता

- हामी आफ्ना बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं ।
- आफ्ना बालबालिकालाई समय तालिका अनुसार पढ्ने, लेख्ने, सुन्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्नेछौं ।
- हामी आफ्ना बालबालिकालाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने छौं ।
- बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बालक्लब एवम् बालबालिका आवद्ध भएको बैठकमा सहभागिता गराउनेछौं ।
- प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्नेछौं र गर्न लगाउने छौं ।
- बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्क सँग भन्ने वातावरण सिर्जना गर्नेछौं ।
- नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरुलाई खुवाउने छौं ।
- कुनैपनि बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग गर्ने गराउने छैनौं ।
- बालबालिकालाई बालअधिकार र बाल कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्नेछौं।
- हाम्रा बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरुबाट बचाउनका लागि सदैव चनाखो रहनेछौं ।
- हाम्रा बालबालिकाको बालविवाह गराउने छैनौं र यस बारेमा हाम्रा बालबालिकालाई समेत सचेत गराउनेछौं ।
- हाम्रा बालबालिकाको स्वास्थ्यमा ध्यान दिंदै नियमित सरसफाई गराउनेछौं ।
- हाम्रो बालबालिकाको जन्मदर्ता समयमै गराउनेछौं ।
- सार्वजनिक स्थानमा निर्माण हुने बाटो, पोखरी, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरु, आदि निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन पहल गर्नेछौं ।
- विद्यालय तथा पालिकाले आमन्त्रण गरेका बालबालिका सम्बन्धित कार्यक्रमहरुमा अनिवार्य र सकृय उपस्थिती जनाउने छौं ।

## २. बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग तथा खरिद विक्रीमा संलग्न हुने छैनौं ।
- बाल विवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र हुन दिने पनि छैनौं ।
- विद्यालयले बनाएको नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने छौं ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जानेछौं ।
- बालक्लबहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्ने छैनौं ।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने छौं साथै पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं ।
- पोषिलो खानेकुरा खानेछौं साथै अरु बालबालिकालाई पनि खान र अभिभावकलाई दिन प्रेरित गर्नेछौं ।
- बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमको बारेमा थाहा पाएसम्मका घटना बारे सम्बन्धित निकायमा जानकारी दिनेछौं ।

- ❖ विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्नेछौं ।
- ❖ अपरिचित व्यक्तिको ललाई फकाई र प्रलोभनमा फस्ने छैनौं, आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने छौं ।
- ❖ शौचालयमा दिसापिसाव गर्नुका साथै साबुन पानीले हातधुने बानी बसाल्नेछौं ।
- ❖ जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई सम्बन्धित सेवा लिन भन्ने छौं ।
- ❖ विपन्न र अपांगता भएका बालबालिकासँग हातेमालो गर्दै राम्रो व्यवहार गर्नेछौं ।

**३. विद्यालयले पालना गर्नुपर्ने संस्थागत आचारसंहिता**

- ✓ बालबालिकालाई लागू पदार्थ तथा लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्नेछौं ।
- ✓ बालबालिका माथि गरिने हिंसा, दुव्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्नेछौं र सचेतना फैलाउनेछौं ।
- ✓ शिक्षक र विद्यालय व्यस्थापन समितिको नीति/नियम गम्भीरताका साथ पालना गर्नेछौं ।
- ✓ बालबालिकालाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउनेछौं तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्ने छौं ।
- ✓ बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्ने छौं ।
- ✓ बालबालिकाको विचार र भावनाको कदर गर्दैकुनै पनि प्रतिकूल व्यवहार गर्ने छैनौं ।
- ✓ बालबालिकाका सरोकार राख्ने बिद्यालयका कार्यक्रममा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- ✓ पूर्णखोप र सुरक्षित मातृत्व सम्बन्धी समेत बालवालिकालाई चेतना फैलाउनेछौं ।
- ✓ बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गरिने छैन ।
- ✓ बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- ✓ बिद्यालय र बालबालिकाको सरसफाइसँग विशेष सचेत रहने छौं ।
- ✓ बिद्यालय भर्ना हुदाँ अनिवार्य जन्मदर्ता गराउन आग्रह गर्नेछौं ।
- ✓ गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं ।
- ✓ विद्यालय हाताभित्र मद्यपान गरि आउने छैनौं र धुम्रपान गर्ने छैनौं र सचेत गराउने छौं ।
- ✓ अपाङ्गता भएका बालबालिकाहरुको विकास र सहभागितामा ध्यान दिनेछौं ।
- ✓ विद्यालयमा रहेका बालबालिका कुनैपनि प्रकारको जोखिममा रहेको बारेमा थाहा पाए सम्बन्धित निकायमा जानकारी दिनेछौं ।

**४.विद्यालय व्यवस्थापन समितिको आचारसंहिता**

- ○ बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू निर्धारण गरी विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन गर्ने ।
- ○ समितिको नियमित बैठक बस्ने र निर्णय कार्यान्वयन गर्ने गराउने ।
- ○ नियमित रूपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरूको अनुगमन, निरीक्षण गर्ने साथै प्रधानाध्यापक तथा शिक्षकहरूलाई आवश्यक सुझाव दिने ।

- विद्यालयमा आइपरेका समस्याहरू छलफलद्वारा समाधान गर्ने ।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने ।
- गल्तिको सजाय भौतिक रुपमा नगरी सम्झाएर गर्ने गराउने व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरू र बालक्लबसँग अन्तरक्रिया गर्ने ।
- विद्यालयको भौतिक समुन्नतिका लागि विशेष पहल गर्ने ।
- घरदैलो गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्ने र विद्यालय जानबाट वञ्चित बालबालिकाका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने ।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई दाता संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने ।
- अभिभावकहरुलाई सचेतना कार्य सञ्चालन गरिनेछ ।
- बालक्लब गठन गर्न प्रोत्साहन गर्दै व्यवस्थापन समितिको बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिका सहभागी गराउने ।
- मादक तथा लागू पदार्थ खाएर विद्यालयमा प्रवेश नगर्ने र विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू माथि दुर्व्यवहार नगर्ने ।
- बेला बेलामा व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त वैठकको व्यवस्था गर्ने ।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने र शिक्षक-शिक्षिकालाई तालिममा भाग लिन उत्प्रेरित गर्ने ।
- विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिको लागि पहल गर्ने ।
- रिक्त दरबन्दीमा दक्ष, अनुभवी तथा उच्च शैक्षिक योग्यता भएका शिक्षक पदस्थापनाका लागि पहल गर्ने ।
- विद्यालयमा राजनैतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालय शान्ति क्षेत्रको रूपमा विकसित गराउने ।
- विद्यालयको शैक्षिक गतिविधिमा स्तरोन्नतिका लागि अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सल्लाह लिएर कदम चाल्ने ।

### ५.नीजि क्षेत्रको आचारसंहिता

- बालबालिकाहरुलाई सुर्तिजन्य, नसालु र मादक पदार्थजन्य सामग्री विक्री वितरण गर्ने छैनौं ।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न गराउने छैनौं ।
- बालबालिकामाथी हानी हुने कुनै प्रकारको कार्य गर्ने छैनौं ।

### ६. राजनैतिक दल तथा गैरसरकारी क्षेत्र

- बालबालिका सम्वन्धि कार्यक्रमहरुमा बालबालिकाको सहभागितालाई महत्त्व दिईनेछ ।
- बालबालिकाहरुलाई कुनै प्रकारका र्याली जुलुसहरुमा संलग्न गरिने छैन ।
- बालबालिका सम्वन्धी कार्यक्रमहरुलाई नगरपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गर्नेछौं ।
- बालबालिकालाई कुनैपनि राजनैतिक गतिविधिमा संलग्न गर्नेछैनौ ।

### ७.नगरपालिकाको संस्थागत आचारसंहिता

- बालबालिकालाई लागुपदार्थ तथा लागु पदार्थजन्य सामाग्री प्रयोगमा निरुत्साहित गर्नेछौं । बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य तथा लागुपदार्थजन्य सामग्रीबाट टाढा राख्न विशेष नीतिगत व्यवस्था गरी कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- बालबालिका उपर गरिने हिंसा, दुर्व्यवहार तथा शोषण रोक्न व्यवहारिक प्रयोग गर्नेछौं र सो को लागि सचेतना फैलाउनेछौं ।
- विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने र अन्यलाई जीवनोपयोगी र व्यावसायिक सीप सिकाइने व्यवस्था गर्नेछौं ।
- बालक्लव आवश्यकता र महत्त्वबारे वुझाउने, बालक्लव गठन र परिचालनमा सहयोग गर्ने ।
- बालबालिकाको विचार भावनाको कदर गर्दै कुनैपनि प्रतिकुल व्यवहार नगर्ने ।
- बालबालिकाको लागि वजेट तर्जुमा गर्दा र प्रत्यक्ष सरोकार राख्ने विषयका योजना निर्माण कार्यान्वयन र मूल्यांकनका चरणहरुमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- बाल स्वास्थ्य र सुरक्षित मातृत्व सम्वन्धी जनचेतना फैलाउनेछौं ।
- बालश्रम निषेध र नियमित गर्न बनेको ऐन कडाईका साथ कार्यान्वयनमा ल्याउने छौं ।
- बालबालिकालाई कुनै पनि प्रकारले विभेद गरिने छैन ।
- बाल विवाहलाई पूर्ण रुपमा निषेध गरिनेछ र बाल विवाहलाई सामाजिक बहिष्कार गरिनेछ ।
- बालबालिकाको संरक्षणको विषयलाई कार्यान्वयन गर्न बालसंरक्षण नीति तर्जुमा गरि कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- जन्मदर्तालाई शतप्रतिशत बनाउने छौं र यसलाई निरन्तरता दिनेछौं ।
- सरसफाईसँग सम्वन्धित कार्यक्रमहरुलाई प्रभावकारी वनाउनेछौं ।
- बालबालिकासँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपांगमैत्री र लैंगिक मैत्री बनाउनेछौं । नगरपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरु जस्तै बाटो, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरु, आदि निर्माण गर्दा बालमैत्री, अपांगमैत्री र लैंगिक मैत्री र बाल सुरक्षाको दृष्टिले सुरक्षित हुनुपर्ने व्यवस्था गर्नेछौं

# परिच्छेद -५

**निश्कर्षः-** नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरुसहित बाल अधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवा सुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ । यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ । नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को एक पक्षधर राष्ट्र हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी विभिन्न कार्यहरु गरिरहेको सबैलाई विदितै छ । वि.सं. २०४८/०४९ सालतिर प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशत रहेकोमा हाल करिब ९७.० प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर १.०९ पुगेको छ । माध्यमिक शिक्षा (कक्षा ९-१०) मा यो अनुपात ०.४३ बाट बढेर १.० पुगेको छ । घट्दो जन्म दरका कारण विद्यालय स्तरमा विद्यार्थीको संख्या घट्ने क्रममा रहेको देखिएको छ । यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जना रहेकोमा २१ मा, शिशु मृत्युदर प्रति हजारमा १०८ जना रहेकोमा ३२ जनामा र बाल मृत्युदर प्रति हजारमा १६२ रहेकोमा ३८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि उल्लेख्य मात्रामा घटेको देखिएको छ । बाल स्वास्थ्यको क्षेत्रमा भएको यस किसिमको उपलब्धिका लागि नेपालले अन्तर्राष्ट्रिय पुरस्कार समेत पाइसकेको छ । बाल संरक्षण र अधिकारको विषयमा भएका यस्ता नतिजाहरु उत्साहवद्र्धक रहेको छ । यो तथ्य बालबालिका सम्बन्धी समष्टिगत सूचकाङ्कले स्पष्ट पारेको छ । बेलका नगरपालिकाले नगरलाई बालमैत्री नगरपालिकाको रुपमा कार्यान्वयन गर्न आवश्यक सबै प्रकृयाहरुलाई अवलम्वन गरेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ ले व्यवस्था गरेको सबै प्रावधानहरुलाई पुरा गरेको

अवस्था रहेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ले बालबालिका सम्वन्धी कार्यविधि निर्माण गर्नुपर्ने व्यवस्थालाई बेलका नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्दन कार्यविधि २०७८ जारी भई लागु भएको अवस्था रहेको छ । त्यसैगरी बालबालिका सम्वन्धी ऐन,२०७५ले व्यवस्था गरे अनुरुप नगरस्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समितिहरु गठन भएका छन । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ अनुसार बालकल्याण अधिकारी तोकी बालबालिका शाखा समेतको व्यवस्था भएको छ । बालमनोविज्ञ र समाजसेवीको सुचिकृत गरीएको र बालकोषको स्थापना गरिएको छ । त्यसैगरी वडास्तरीय बालसञ्जाल गठन, बालक्लवहरुको गठन र नगरपालिकामा सुचिकृत गर्ने व्यवस्था गरिएको छ ।

समग्रतामा बालबालिकाको विषयलाई नगरपालिकाले प्राथमिकतामा राखी कार्य गरिरहेको छ । बालमैत्री नगर वनाउन नगरपालिकाको सबै संयन्त्रहरु व्यवस्थित र परिचालित गरिएको छ ।

# सन्दर्भ सामग्रीहरु

नेपालको संविधान (२०७२)
बालबालिका सम्बन्धी ऐन, २०७५
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
आवासको अधिकार सम्बन्धी ऐन, २०७५
एक्प्याट, लक्जम्बर्ग, एसेसिङ्ग एण्ड अण्डरस्टयाण्डिङ्ग द रिस्कः
सेक्सुयल एक्सप्लोइटेसन अफ चिल्ड्रेन अनलाइन इन नेपाल, २०१७
केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवन स्तर सर्वेक्षण, सन् २०११
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०१४
केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८
राष्ट्रिय बालअधिकार परिषद् ,नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०७८
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६
बेलका नगरपालिकाको पार्श्वचित्र,२०७५
वेलका नगरपालिकाको विषयगत सम्बन्धित शाखाहरुको वार्षिक रिपोर्टहरु,२०७९

# बेलका नगरपालिका द्वारा गरिएका कार्यक्रमका केही तस्वीरहरू







बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सहजिकरण
एस.संकल्प नेपाल प्रा.लि.
काठमाण्डौ


बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
अनुसुची-१ (दफा २० (क) सँग सम्बन्धि
बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उदयपुर, कोशी प्रदेश
बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाका लागि
बेलका नगरपालिकाको प्रतिवद्धता
हामी बेलका नगरपालिकाका जनप्रतिनिधीहरु, राजनीतिक दल, बालबालिका
प्रतिनिधीहरु, स्थानीय तहका विषयगत शाखा, सेवा प्रदायक निकायहरु,
सामाजिक संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था, प्रहरी, निजीक्षेत्र लगायत
भित्र बालमैत्री स्थानीय शासन घोषणाका लागि पूर्णरुपले
सहयोग गर्ने र गराउने गरी यो सामूहिक प्रतिवद्धता जाहेर गर्दछौं।






"सवल आर्थिक सामाजिक र भौतिक पूर्वाधार
बेलका नगर विकासको प्रमुख आधार"
बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
अनुसुची:९ (दफा २० (क) सँग सम्बन्धि
बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उदयपुर, कोशी प्रदेश
बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि
बेलका नगरपालिकाको प्रतिवद्धता
हामी बेलका नगरपालिकाका जनप्रतिनिधीहरू, राजनीतिक दल, बालबालिका प्रतिनिधीहरू, स्थानीय तहका विषयगत शाखा, सेवा प्रदायक निकायहरू, सामाजिक संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था, प्रहरी, निजीक्षेत्र लगायत बालबालिकासँग सरोकार राख्ने सबै सरोकारवालाहरूले स्थानीय सरकार संचालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन कार्यान्वियन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम यस नगरपालिकामा बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाको प्रकृयामा आ-आफ्नो क्षेत्रबाट सक्रिय एवं अर्थपूर्ण सहभागिता जनाई यस नगरपालिकालाई मिति
भित्र बालमैत्री स्थानीय शासन घोषणाका लागि पूर्णरूपले सहयोग गर्ने र गराउने गरी यो सामूहिक प्रतिवद्धता जाहेर गर्दछौं।


OPPO A57
2023/05/19 14:57




वडा स्तरीय बाल भेला तथा वडा बाल
संजाल
गठन कार्यक्रम
२०८०।२।२६
वडा नं. १
सहजिकरण
एस. संकलप नेपाल प्रा.ली.
काठमाडौं
समत्वय
बेलका नगरणलिका
आयोजक
वडा नं. १
वडा कार्यालय
बेलका न.पा.


स्तरीय बाल भेला तथा वडा बाल
संजाल
गठन कार्यक्रम
२०८०।२।२६
वडा नं ९
समन्वय
बेलका नगरपालिका
आयोजक
वडा नं ९
वडा कार्यालय
बेलका न.पा



